नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्या:-
च.नं.

# अभौतिक सांस्कृतिक सम्पदा सूचीकरण सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति - २०८२/०९/०२)

अभौतिक सांस्कृतिक सम्पदासँग सम्बन्धित व्यक्ति, समुदाय वा संस्थाहरूले सम्पदा सूचीकरण गर्न अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) सम्बन्धी आन्तरिक दिग्दर्शन, २०८२ मा तोकिएबमोजिमको ढाँचामा यस आ.व. २०८२/८३ का लागि मिति २०८२ चैत १५ गते भित्र आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

अभौतिक सांस्कृतिक सम्पदा (सूचीकरण तथा व्यवस्थापन) सम्बन्धी आन्तरिक दिग्दर्शन, २०८२ र आवेदन फारम यस मन्त्रालयको वेबसाइट www.tourism.gov.np बाट डाउनलोड गरी वा मन्त्रालयको संस्कृति महाशाखा, अभौतिक सांस्कृतिक सम्पदा राष्ट्रिय सूचीकरण सचिवालयमा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

आवेदन दिँदा संलग्न राख्नुपर्ने कागजात एवं प्रमाणहरु:

१. सूचीकरणका लागि आवेदन (अनुसूची १ मा तोकिएबमोजिम),
२. सम्पदाको पूर्ण विवरण (अनुसूची २ मा तोकिएबमोजिम),
३. सम्पदाको फोटो, अडियो तथा भिडियो (अनुसूची ३ मा तोकिएबमोजिम),
४. सूचीकरणका लागि सम्बन्धित व्यक्ति, समूह वा समुदायको सहमति (अनुसूची ४ मा तोकिएबमोजिम),
५. हालसम्मको पुस्तान्तरण सम्बन्धी आवश्यक विवरण,
६. सम्बन्धित स्थानीय तहको सिफारिस,
७. स्थानीय तहमा सूचीकरण भएको भए सोको प्रमाण ।

द्रष्टव्य :- सम्पदा सूचीकरण गर्ने विधि र प्रक्रिया एवं सूचीकरणसँग सम्बन्धित अन्य आवश्यक क्रियाकलापहरु कार्यविधिमा तोकिएबमोजिम हुनेछ ।साथै, सम्पदा सूचीकरण सम्बन्धी आवेदन यस मन्त्रालयमा नियमित रुपमा प्रत्येक वर्षको चैत १५ गते भित्र दर्ता गर्न सकिनेछ।

आवेदन पठाउने ठेगाना
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
संस्कृति महाशाखा,
अभौतिक सांस्कृतिक सम्पदा राष्ट्रिय सूचीकरण सचिवालय
सिंहदरबार, काठमाडौं।
फोन नं ०१-४२११९०९
इमेल : culture@tourism.gov.np